**प्राइभेट फर्म रजिष्ट्रेशन नियमावली, २०३४** नेपाल राजपत्रमा प्रकाशित मिति **२०३४।४।२४**

**संशोधनहरु**

| | |
|---|---|
| प्राइभेट फर्म रजिष्ट्रेशन (पहिलो संशोधन) नियमावली, २०३७ | २०३९।१।६ |
| प्राइभेट फर्म रजिष्ट्रेशन (दोश्रो संशोधन) नियमावली, २०६० | २०६०।११।२५ |
| प्राइभेट फर्म रजिष्ट्रेशन (तेश्रो संशोधन) नियमावली, २०६१ | २०६१।४।२५ |
| प्राइभेट फर्म रजिष्ट्रेशन (चौथो संशोधन) नियमावली, २०६३ | २०६३।६।२३ |
| प्राइभेट फर्म रजिष्ट्रेशन (पांचौं संशोधन) नियमावली, २०६४ | २०६४।१०।२७ |
| प्राइभेट फर्म रजिष्ट्रेशन (छैठौ संशोधन) नियमावली, २०६५ | २०६५।०६।०४ |
| प्राइभेट फर्म रजिष्ट्रेशन (सातौं संशोधन) नियमावली, २०६६ | २०६६।०५।१५ |
| प्राइभेट फर्म रजिष्ट्रेशन (आठौं संशोधन) नियमावली, २०६८ | २०६८।०८।०५ |

प्राइभेट फर्म रजिष्ट्रेशन ऐन, २०१४ को दफा ९ ले दिएको अधिकार प्रयोग गरी नेपाल सरकारले देहायका नियमहरु बनाएको छ ।

१. संक्षिप्त नाम र प्रारम्भ : (१) यी नियमहरुको नाम “प्राइभेट फर्म रजिष्ट्रेशन नियमावली,२०३४” रहेको छ ।
(२) यो नियमावली तुरुन्त प्रारम्भ हुनेछ ।

२. परिभाषा : विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यो नियमावलीमा “ऐन” भन्नाले प्राइभेट फर्म रजिष्ट्रेशन ऐन, २०१४ सम्झनु पर्छ ।

३. फर्म रजिष्टर गराउन दरखास्त दिनु पर्ने : प्राइभेट फर्म रजिष्ट्रेशन गराउन चाहने व्यक्तिले रजिष्टर गराउनुपर्ने फर्म वाणिज्य सम्वन्धी भए नेपाल सरकार, वाणिज्य विभागमा र उद्योग सम्वन्धी भए त्यसको वर्गीकरण अनुसार नेपाल सरकार, उद्योग विभाग वा घरेलु तथा साना उद्योग विभागमा एकसय रुपैयाँ दस्तूर सहित अनुसूची १ बमोजिमको ढाँचामा दरखास्त दिनु पर्नेछ ।

४ रजिष्ट्रेशन दस्तूर : देहाय बमोजिमको पूँजी भएको प्राइभेट फर्म प्राइभेट फर्म रजिष्ट्रेशन गर्दा देहाय बमोजिमको रजिष्ट्रेशन दस्तुर लाग्ने छ :

| | |
|---|---|
| (क) रु. १,००,०००।- सम्म पूंजी भएको फर्मलाई | रु. ६००।- |
| (ख) रु. १,००,०००।- भन्दा बढी रु. ३,००,०००।- सम्म पूंजी भएको फर्मलाई | रु. २,०००।- |
| (ग) रु. ३,००,०००।- भन्दा बढी रु. ५,००,०००।- सम्म पूंजी भएको फर्मलाई | रु. ४,०००।- |
| (घ) रु. ५,००,०००।- भन्दा बढी रु. १०,००,०००।- सम्म पूंजी भएको फर्मलाई | रु. ७,५००।- |
| (ङ) रु. १०,००,०००।- भन्दा बढी रु. ५०,००,०००।- सम्म पूंजी भएको फर्मलाई | रु. १०,०००।- |
| (च) रु. ५०,००,०००।- भन्दा बढी | रु. १५,०००।- |

५. दरखास्त साथ नागरिकताको प्रमाणपत्र र अन्य कागजात पेश गर्नु पर्ने : प्राइभेट फर्म रजिष्ट्रेशन गराउन चाहने व्यक्तिले आफ्नो फर्म रजिष्टर गराउन दरखास्त दिंदा नेपाली नागरिकताको प्रमाणपत्रको प्रमाणित प्रतिलिपि र सम्वन्धित विभागले तोकेको अन्य कागजातहरु पेश गर्नुपर्नेछ ।

६. रजिष्ट्रेशन गर्ने : (१) नियम ३ बमोजिम दरखास्त परेपछि सम्वन्धित विभागले प्राइभेट फर्म खोल्न दिन मनासिव देखेमा विभागमा रहेको रजिष्टर कितावमा सो फर्म रजिष्टर गरी वाणिज्य विभागले भए अनुसूची २ बमोजिमको र उद्योग विभागले भए अनुसूची ३ बमोजिमको र घरेलु तथा साना उद्योग विभागले भए अनुसूची ४ बमोजिमको प्रमाणपत्र दिनेछ ।

(२) फर्म रजिष्ट्रेशन गर्ने सम्वन्धित विभागले तोकिदिएको हदसम्म पूँजी भएका फर्मलाई रजिष्टर गर्न सक्ने अधिकार कुनै कार्यालय वा अधिकारीलाई प्रत्यायोजन गर्न सक्नेछ ।

७. प्राइभेट फर्मको अवधि र नवीकरण : (१) रजिष्ट्रेशन भएको प्राईभेट फर्मको अवधि ***<u>पाँच वर्षको</u>**** हुनेछ ।

(२) उपनियम (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि यो नियम प्रारम्भ हुँदाका वखत बहाल रहेको प्राइभेट फर्मको अवधि त्यस्तो प्राइभेट फर्म रजिष्ट्रेशन वा नवीकरण भएको आथिक वर्षको अन्त्यसम्म रहनेछ र यो नियम प्रारम्भ भए पछि नवीकरण भएका प्राइभेट फर्मको अवधि ***<u>पाँच वर्षको</u>*** * हुनेछ ।

(३) प्राइभेट फर्म नवीकरण गराउन चाहने प्राइभेट फर्मको धनीले उपनियम (१) वा (२) वमोजिमको अवधि समाप्त भएको मितिले ३५ दिनभित्र प्राइभेट फर्म नवीकरण गराउनको लागि सम्वन्धित कार्यालयमा दरखास्त दिनु पर्नेछ ।

स्पष्टीकरण : यस नियमावलीको प्रयोजनको लागि “सम्वन्धित कार्यालय” भन्नाले वाणिज्य व्यवसायको लागि काठमाडौं उपत्यकाको हकमा सम्बन्धित विभाग र अन्यत्रको हकमा वाणिज्य कार्यालय भएको जिल्लामा सोही कार्यालय तथा त्यस्तो कार्यालय नभएको जिल्लामा सम्बन्धित विभागले तोकिदिएको कार्यालय र उद्योग व्यवसायको लागि सम्बन्धित विभाग र घरेलु तथा साना उद्योग कार्यालय भएको जिल्लामा सोही कार्यालय तथा त्यस्तो कार्यालय नभएको जिल्लामा सम्बन्धित विभागले तोकिदिएको कार्यालयलाई जनाउँछ ।

(४) उपनियम (३) वमोजिम दरखास्त प्राप्त भएमा सम्बन्धित कार्यालयले देहायको पूँजी भएको प्राइभेट फर्मको लागि देहाय बमोजिमको दस्तूर लिई त्यस्तो प्राइभेट फर्म नवीकरण गरी दिनु पर्नेछ :-

| | |
|---|---|
| क) एक लाख रुपैयाँसम्म | रु. ३००।- |
| ख) एक लाख रुपैयाँ भन्दा बढी तीन लाख रुपैयाँसम्म | रु ५००।- |
| ग) तीन लाख रुपैयाँभन्दा बढी पाँच लाख रुपैयाँसम्म | रु. ८००।- |
| घ) पाँच लाख रुपैयाँभन्दा बढी दश लाख रुपैयाँसम्म | रु. १,२००।- |
| ङ) दश लाख रुपैयाँभन्दा बढी पचास लाख रुपैयाँसम्म | रु. १,७००।- |
| च) पचास लाख रुपैयाँ भन्दा माथि | रु.२,३००।- |

(५) उपनियम (३) वमोजिमको अवधिभित्र पनि प्राइभेट फर्म नवीकरण गराउन नसकेको प्राइभेट फर्मको धनीले प्राइभेट फर्म नविकरण गराउन नसकेको मनासिव कारण देखाई सो अवधि समाप्त भएको मितिले छ महिना भित्र नवीकरणको लागि दरखास्त दिएमा र त्यसरी दिएको दरखास्त जाँचवुझ गर्दा मनासिव देखिएमा सम्वन्धित कार्यालयले देहाय वमोजिमको नवीकरणदस्तुर लिई त्यस्तो प्राइभेट फर्म नवीकरण गरी दिनु पर्नेछ :-

(क) उपनियम (३) वमोजिमको अवधि समाप्त भएको तीन महिनासम्मको लागि उपनियम(४) वमोजिमको दस्तुरको दोब्बर दस्तुर ।

(ख) खण्ड (क) वमोजिमको अवधि समाप्त भएको तीन महिनासम्मको लागि उपनियम(४) वमोजिमको दस्तुरको तेब्बर दस्तुर ।

(६) उपनियम (५) बमोजिमको म्यादभित्र पनि कुनै प्राइभेट फर्मको धनीले प्राइभेट फर्म नवीकरण गराउन दरखास्त नदिएमा त्यस्तो प्राइभेट फर्म खारेज गर्ने सम्बन्धमा सम्बन्धित विभागले ऐनको दफा ७ख. बमोजिम आवश्यक कारवाही गर्नेछ ।

८ विवरणमा हेरफेर गर्न सूचना दिनु पर्नेः कुनै प्राइभेट फर्मको धनीले आफ्नो फर्म रजिष्टर गराउँदा दिएको विवरणमा केही हेरफेर गर्न चाहेमा सो कुराको लिखित सूचना नियम ३ मा उल्लिखित अधिकारी छेउ दिनु पर्छ ।

९. प्रमाणपत्र लिन सकिने : (१) नियम ६ बमोजिम प्रदान गरिएको रजिष्ट्रेशनको प्रमाणपत्र हराएमा, नष्ट भएमा वा अन्य कुनै कारणबाट काम नलाग्ने भएमा वाणिज्य सम्वन्धी भए नेपाल सरकार, वाणिज्य विभाग र उद्योग सम्वन्धी भए नेपाल सरकार, उद्योग विभाग वा घरेलु तथा साना उद्योग विभागमा प्राइभेट फर्मका धनीले निवेदन दिनु पर्नेछ ।

(२) उपनियम (१) बमोजिम परेको निवेदनको व्यहोरा मनासिव देखेमा सम्वन्धित विभागले पाँच रुपैयाँ दस्तूर लिई रजिष्ट्रेशनको अर्को प्रमाणपत्र दिनेछ ।

१०. नवीकरण सम्वन्धी विशेष व्यवस्था : ***(१) यस नियमावलीमा अन्यत्र जुनसुकै कुरा लेखिएको भएतापनि यो नियम प्रारम्भ हुंदाका वखत प्राइभेट फर्म नवीकरण गराउन नसकेको प्राइभेट फर्मको धनीले त्यसरी नविकरण गराउन नसकेको मनासिव कारण खुलाई यो नियम प्रारम्भ भएको मितिले एक वर्ष भित्र नवीकरण गराउनको लागि दरखास्त दिएमा र त्यस्तो दरखास्त जाँचवुझ गर्दा कारण मनासिव देखिएमा सम्वन्धित कार्यालयले नियम ७ को उप नियम (४) वमोजिम लाग्ने नविकरण दस्तुरको तेब्बर दस्तुर र नविकरण गराउन नसकेको प्रत्येक वर्षका लागि पाँच  हजार रुपैयाका दरले जरिवाना लिई त्यस्तो प्राइभेट फर्म नविकरण गरि दिन सक्नेछ ।*** *

(२) उपनियम (१) बमोजिमको म्यादभित्र पनि कुनै प्राइभेट फर्मको धनीले प्राइभेट फर्म नवीकरण गराउन दरखास्त नदिएमा त्यस्तो प्राइभेट फर्म खारेज गने सम्बन्धमा सम्बन्धित विभागले ऐनको दफा ७ख. बमोजिम आवश्यक कारवाही गर्नेछ ।

११. खारेजी : प्राइभेट फर्म रजिष्ट्रेशन दस्तूर ( संशोधन र एकीकरण) नियमहरु, २०१८ खारेज गरिएको छ ।

द्रष्टव्य : प्रतिनिधि सभा घोषणा २०६३ द्धारा रुपान्तर भएको शव्द

श्री ५ को सरकारको सटटा  नेपाल सरकार

**** आठौं शंशोधनद्धारा संशाोधित ।***